# प्रदेश श्रम सल्लाहकार परिषद् गठन निर्देशिका, २०८१

<u>प्रस्तावना:</u>

श्रम ऐन, २०७४ र प्रदेश सरकारको श्रम तथा रोजगार नीति, २०७९ लाई सहज रुपमा कार्यान्वयन गर्न, प्रदेश भित्र श्रमिकका हक अधिकारको सुनिश्चितता गर्न तथा श्रमिक, रोजगारदाता र प्रदेश सरकार बिचको सम्बन्धलाई प्रभावकारी बनाई श्रम क्षेत्रको सुधारलाई व्यवस्थित बनाउने सम्बन्धमा प्रदेश सरकारलाई सहयोग गर्न श्रम ऐन, २०७४ को दफा १०५क बमोजिम मधेश प्रदेश सरकारले यो निर्देशिका बनाई जारी गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>:- (१) यो कार्यविधिको नाम "प्रदेश श्रम सल्लाहकार परिषद् गठन निर्देशिका, २०८१" रहेको छ ।

(२) यो निर्देशिका स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. <u>परिभाषा तथा व्याख्या:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:-

(क) "ऐन" भन्नाले श्रम ऐन,२०७४ लाई सम्झनुपर्छ ।

(ख) "प्रदेश" भन्नाले मधेश प्रदेश लाई सम्झनुपर्छ ।

(ग) "प्रदेश सरकार" भन्नाले मधेश प्रदेश को मन्त्रिपरिषद्लाई सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले मधेश प्रदेश सरकारको श्रम सम्बन्धि विषय हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ ।

(ङ) "परिषद्" भन्नाले दफा ३ बमोजिमको परिषद्लाई सम्झनुपर्छ ।

(च) "अध्यक्ष" भन्नाले परिषद्को अध्यक्षलाई सम्झनुपर्छ ।

## परिच्छेद –२

## परिषद् सम्बन्धी व्यवस्था

३. <u>परिषद् गठन</u>: (१) प्रदेश भित्र श्रम सम्बन्धि कामलाई व्यवस्थित गर्नका लागि प्रदेश श्रम सल्लाहकार परिषद्को गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु हुनेछन् –



युवराज अधिकारी
प्रदेश सचिव

(क) मन्त्री, श्रम सम्बन्धि विषय हेर्ने मन्त्रालय - अध्यक्ष

(ख) सदस्य, प्रदेश नीति तथा योजना आयोग (श्रम सम्बन्धि विषय हेर्ने) - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(च) प्रतिनिधि, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय - सदस्य

(छ) प्रतिनिधि, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(ज) प्रतिनिधि, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(झ) प्रदेश रोजगारदाताहरु मध्येबाट रोजगारदाता संघको अध्यक्षको सिफारिसमा अध्यक्षले मनोनयन गरेका कम्तीमा दुइ जना महिला सहित पाँच जना - सदस्य

(ञ) श्रम क्षेत्रमा काम गर्ने प्रदेश ट्रेड युनियन, संघ-संस्था, व्यक्तिहरु मध्येबाट सम्बन्धित संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको अध्यक्षको सिफारिसमा अध्यक्षले मनोनयन गरेका कम्तीमा दुई जना महिला सहित पाँच जना - सदस्य

(ट) प्रतिनिधि, गाँउपालिका महासंघ एक जना महिला सहित दुई जना - सदस्य

(ठ) प्रतिनिधि, नगरपालिका महासंघ एक जना महिला सहित दुई जना - सदस्य

(ड) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (झ) र (ञ) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र निजहरुलाई पुनः एक पटक सम्म मनोनयन गर्न सकिने छ ।

(४) श्रम तथा रोजगारीको क्षेत्रमा काम गर्ने बिज्ञ संस्थाहरुको प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ।

४. परिषद्को कार्य तथा जिम्मेवारीः (१) परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।



सुवास अधिकारी

(क) प्रदेशमा दीर्घकालीन श्रम नीति तर्जुमा गरी प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ख) प्रदेश श्रम नीति सम्बन्धमा प्रदेश सरकारलाई राय सुझाव दिने,

(ग) प्रदेश श्रम सम्बन्धि कानूनलाई लैङ्गिक समानता र सामाजिक समावेशिकरणको दृष्टिकोणबाट समसामायिक रुपमा सुधार गर्न प्रदेश सरकारलाई आवश्यक राय सुझाव दिने ।

(घ) प्रदेशमा व्यवसायजन्य सुरक्षा, स्वास्थ्य तथा कार्यस्थलमा हुन सक्ने हिंसा तथा दुर्व्यवहार सम्बन्धि मापदण्ड तयार गरी प्रदेश सरकारलाई सिफारिस गर्ने ।

(ङ) प्रदेश सरकारले उचित श्रम अभ्यास सम्बन्धी संहिता तयार गर्दा श्रमका मापदण्ड अनुकूल भएको कुरा सुनिश्चित गर्न सुझाव दिने ।

(च) व्यवसायिक तालिम तथा सिप प्रशिक्षण सम्बन्धि लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशिकरणमैत्री नीति निर्धारण गर्न प्रदेश सरकारलाई राय सल्लाह प्रदान गर्ने ।

(छ) औद्योगिक शान्ति तथा असल औद्योगिक सम्बन्ध कायम गर्न र श्रम विवाद न्यूनीकरण गर्न प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनसँग आवश्यक समन्वय गर्ने ।

(ज) रोजगारी तथा उत्पादकत्व वृद्धि गर्न प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनसँग आवश्यक समन्वय गर्ने ।

(झ) आवश्यकता अनुसार प्रदेशमा सामुहिक सौदावाजी सम्बन्धी कार्यविधि निर्माण गर्न मन्त्रालयलाई सुझाव उपलव्ध गराउने ।

(ञ) प्रदेशभित्र विषयगत मन्त्रालय अन्तर्गतका आयोजनामा खटिएका श्रमिकको अवस्थावारे जानकारी लिने ।

(ट) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) परिषदको सचिवालय मन्त्रालयमा रहनेछ ।

५. कार्यदल गठन गर्न सक्ने: (१) कुनै खास विषयको अध्ययन, घटना वा कामका लागि परिषदका सदस्यहरु र विज्ञ मध्ये बाट कार्यदल गठन गर्न सकिनेछ ।

(२) कार्यदलले आफुले गरेको कामको प्रतिवेदन परिषद्‌मा पेश गर्नुपर्नेछ र प्रतिवेदन पेश गरेपछि सो कार्यदल स्वत: विघटन हुनेछ ।

६. परिषद्को सदस्यको पद रिक्त हुने: (१) दफा ४ को उपदफा (२) को खण्ड (झ) र (ञ) बमोजिमका सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछ:

(क) निजले अध्यक्ष समक्ष लिखित रुपमा राजिनामा दिएमा,



यबराज अधिकारी

(ख) निज विना सुचना लगातार तीन पटकसम्म परिषद्को बैठकमा अनुपस्थित भएमा ।

(ग) निजको कार्यकाल समाप्त भएमा ।

(घ) दफा ४ को उपदफा (२) को खण्ड (झ) र (ञ) बमोजिमका मोनोनित सदस्यहरुले आफनो पदीय जिम्मेवारी पुरा नगरी अध्यक्षले त्यस्ता सदस्यलाई समितिबाट हटाएमा ।

(ङ) निजको मृत्यु भएमा ।

(च) उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिम परिषद्को सदस्यलाई पदमुक्त गर्नु अघि निजलाई सफाईको मौका दिनुपर्नेछ।

(२) उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिम परिषद्को कुनै सदस्यको पद रिक्त भएमा त्यस्तो

(३) पदमा अर्को व्यक्तिलाई सदस्य मनोनयन गर्दा जुन क्षेत्र र प्रक्रियाबाट त्यस्तो सदस्य मनोनयन गरिएको हो सोही क्षेत्र र प्रक्रिया अपनाई बाँकी कार्यकालका लागि मनोनयन गर्नुपर्नेछ ।

७. <u>परिषदको बैठक सम्बन्धी व्यवस्थाः</u> (१) परिषद्को बैठक बर्षमा कम्तीमा दुई पटक बस्नेछ ।

(२) परिषद्का कुल सदस्य संख्याको एक चौथाई सदस्यले बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले १५ (पन्ध्र) दिनभित्र परिषद्को बैठक बोलाउनु पर्नेछ ।

(३) परिषद्को बैठक वस्ने कम्तीमा चौविस घण्टा अघि नै परिषद्को सदस्य सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना परिषद्का सवै सदस्यलाई दिनुपर्नेछ ।

(४) प्रदेश सरकार, रोजगारदाता तथा ट्रेड युनियनको प्रतिनिधित्व हुने गरी परिषद्का कुल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकमा श्रम सम्बन्धी विशेषज्ञ लाई आमन्त्रण गर्न सकिनेछ ।

(६) परिषद्को बैठकको निर्णय परिषद्को अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी अभिलेख राखुपर्नेछ ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ।

युवराज अधिकारी
प्रदेश सचिव

(८) बैठक भत्ता परिषद्का सदस्यहरुले बैठकमा भाग लिए वापत प्रचलित कानून बमोजिमको बैठक भत्ता पाउनेछन् ।

## परिच्छेद – ३
## सचिवालय सम्बन्धी व्यवस्था

८. सचिवालय गठन गर्नेः (१) परिषद्को दैनिक काम कार्वाहीलाई अगाडि बढाउनका लागि परिषद्का सदस्य सचिवको नेतृत्वमा सचिवालय स्थापना गरिने छ ।

(२) सचिवालयमा आवश्यक्ता अनुसार अन्य थप कर्मचारीहरुको व्यवस्था गरिनेछ ।

(३) श्रोत साधनको आवश्यक व्यवस्थाको लागि मन्त्रालयले आवश्यक पहल गर्नुपर्ने ।

(४) सचिवालयको कार्य जिम्मेवारी परिषदले तोके बमोजिम हुनेछ ।

(५) सचिवालय स्थापना तथा कार्य सञ्चालनका लागि प्रदेश सरकारले आवश्यक बजेटको व्यवस्था गर्नेछ।

(६) स्रोत साधन जुटाउनका लागि परिषदले सम्बन्धित सरोकारवाला संघ संस्थासँग पनि सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद – ४
## विविध

९. जिल्लामा प्रतिनिधि तोक्नेः जिल्लामा यस सम्बन्धि कार्यका लागि आवश्यकता अनुसार अधिकारी तोक्न सकिनेछ ।

१०. वार्षिक प्रतिवेदन पेश गर्नेः परिषद्ले वर्ष भरिमा आफुले गरेको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले एक महिना भित्र प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ ।

११. अधिकार प्रत्यायोजनः परिषद्ले आफुलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार अध्यक्ष वा सदस्य वा सदस्य सचिव वा प्रदेश सचिव वा प्रदेश सरकारका कुनै अधिकृत कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

१२. निर्देशन दिनेः प्रदेश सरकारले परिषद्को काम कारवाहीका सम्बन्धमा परिषद्लाई



यबराज अधिकारी
सचिव

आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्न परिषद्को कर्तव्य हुनेछ ।

१३. <u>प्रदेश सरकारसंग सम्पर्क</u>: परिषद्ले प्रदेश सरकारसंग सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नु पर्नेछ ।

१४. <u>कानुन बमोजिम हुने</u>: यस कार्यविधिमा उल्लेख भएको विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ।

युवराज अधिकारी
प्रदेश सचिव

मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल